नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

# रानी जमरा कुलरिया सिंचाई आयोजना

## कृषि कार्यक्रम कार्यान्वयन इकाई

टिकापुर, कैलाली

### आई. पि. एम. कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रममा सहभागी हुने बारेको सूचना !

सूचना नं: ०४/२०७८/७९
(सूचना प्रकाशित मितिः २०७८/०४/२०)

रानी जमरा कुलरिया सिंचाई आयोजना, कृषि कार्यक्रम कार्यान्वयन इकाई, टिकापुर, कैलालीले आ.व.२०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम *"आई. पि. एम. कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रम"* मार्फत कृषक समूहरुमा बाली अवधिभर एकिकृत शत्रुजीव व्यवस्थापनका विभिन्न पद्धतिहरुको सैद्धान्तिक तथा प्रयोगात्मक पाठशाला संचालन गर्ने भएकाले इच्छुक जल उपभोक्ता संस्था/समिति, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी संस्थाहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८/०५/०२ गते) भित्र यस आयोजनाको कार्यालय, टिकापुरमा तोकिएको ढाँचाको निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रितपूर्वक प्राप्त निवेदन उपर मात्र कारवाही अघि बढाइने छ । छनौट भए नभएको नतिजा आयोजनाको वेबसाइटमा हेर्न सकिनेछ ।

- कार्यक्रम सञ्चालन हुने क्षेत्रः रानी जमरा कुलरिया सिंचाई आयोजनाको कार्यक्षेत्रभित्र
- प्राविधिक सेवाः निशुल्क
- क्षेत्रफलः न्यूनतम २ कठ्ठा ।
- सहभागी कृषक संख्या (प्रति पाठशाला): न्यूनतम २५
- हालसम्म यस आयोजनामार्फत कुनै बालीमा कृषक पाठशाला संचालन नभएको जल उपभोक्ता संस्था/समिति, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी संस्थालाई प्राथमिकता दिईनेछ।

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

१. रु १० को हुलाक टिकट टाँसेको निवेदन ।
२. जल उपभोक्ता संस्था/समिति, कृषक समूह, कृषि सहकारी संस्थाको दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी।
३. कृषक पाठशालामा सहभागी हुने कृषकको नाम, पाठशाला संचालन गरिने जग्गा र बालीको विवरण प्रष्ट खुल्ने गरी गरिएको सामूहिक निर्णयको प्रतिलिपी।
४. लालपूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपी वा स्वःघोषणा।
५. सम्बन्धित कुलो समितिको सिफारिस पत्र।

<u>थप जानकारीका लागि</u>
रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन इकाई
टिकापुर, कैलाली
फोन नं ०९१-५६१४१४, ५६१४१५
www.aciu.rjkip.gov.np

(भरतप्रसाद कंडेल)
आयोजना कोअर्डिनेटर

# आवेदन फारम

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरीया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यन्वयन इकाई
टिकापुर, कैलाली

मितिः- ......................

श्रीमान् आयोजना कोअर्डिनेटर,
रानी जमरा कुलरिया सिंचाई आयोजना,
कृषि कार्यक्रम कार्यान्वयन इकाई
टिकापुर, कैलाली।

**विषयः आई. पि. एम. कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रमको लागि दरखास्त पेश गरेको बारे ।**

प्रस्तुत विषयमा तहाँ आयोजनाको मिति २०७८/०४/२० गतेको प्रकाशित सूचना अनुसार ........................................... बालीमा ***"आई. पि. एम. कृषक पाठशाला संचालन तथा अनुशरण कार्यक्रम"*** यस ........................................................................ कृषक समूह/ जल उपभोक्ता समूह/संस्था/कृषि सहकारीमा संचालन गराई पाउँ भनी तपशिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गर्दछौं ।साथै उक्त कार्यक्रमको लागि छनौट भएमा आयोजनाको कार्यक्रम संचालन कार्यविधि अनुसार सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**संलग्न कागजातहरु**

१. रु १० को हुलाक टिकट टाँसेको निवेदन ।
२. जल उपभोक्ता संस्था/समिति, कृषक समूह, कृषि सहकारी संस्थाको दर्ता, नविकरण, स्थायी लेखा नम्बरको प्रतिलिपी।
३. कृषक पाठशालामा सहभागी हुने कृषकको नाम, पाठशाला संचालन गरिने जग्गा र बालीको विवरण प्रष्ट खुल्ने गरी गरिएको सामूहिक निर्णयको प्रतिलिपी।
४. लालपूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपी वा स्वःघोषणा।
५. सम्बन्धित कुलो समितिको सिफारिस पत्र।

**निवेदक**

कृषक समूह/जल उपभोक्ता संस्था/सहकारीको नामः
सम्पर्क व्यक्तिको नामः
ठेगानाः
सम्पर्क नंम्बरः-
छापः